# युनुसको नेतृत्वमा बंगलादेशमा नयाँ सरकार गठन

**ढाका**/ नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुस अन्तरिम सरकार प्रमुखका रूपमा चयन भएका छन् । बिहीबार स्वदेश फर्किएका ८४ वर्षीय युनुसले राष्ट्रपति मोहम्मद शाहबुद्दिनबाट नयाँ सरकार प्रमुखका रूपमा शपथ लिए । शपथग्रहण समारोह बंगलादेशको समयअनुसार बिहीबार राति नौ बजे बंगभवनको दरबार हलमा सम्पन्न भएको थियो । युनुससँगै अन्य १३ जना क्याबिनेटस्तरीय सल्लाहकार परिषद्का सदस्यले पनि शपथ लिए । हसिनाको सरकारलाई अपदस्थ गर्न मुख्य भूमिका खेलेका विद्यार्थी आन्दोलनका दुई शीर्ष नेता नहिद इस्लाम र आसिफल महमुद पनि १६ सदस्यीय सल्लाहकार परिषद्का सदस्य रहेका छन् ।

आरक्षणको विरोधमा सुरु भएको आन्दोलन बंगलादेशी सरकारको दमनकारी शासनविरुद्ध मोडिएर प्रधानमन्त्री शेख हसिना राजीनामा दिई देश छोड्न बाध्य भएपछि नयाँ सरकारको चयन गरिएको हो । हसिनालाई हटाउन प्रमुख भूमिका खेलेको विद्यार्थी आन्दोलनका नेतृत्वकर्ता विद्यार्थी नेताहरूको प्रस्तावमा युनुसलाई अन्तरिम सरकारको नेतृत्व प्रदान गरिएको हो । नयाँ सरकारको नेतृत्व लिनकै लागि युरोपमा निर्वासित जीवन बिताउँदै आएका युनुस बिहीबार स्वदेश फर्किएका थिए । युनुसलाई हसिनाको सरकारले १०० भन्दा बढी आपराधिक मुद्दाको आरोप लगाएपछि उनी फ्रान्सको राजधानी पेरिसमा निर्वासनमा बस्दै आएका थिए ।

स्वदेश फर्केलगत्तै ढाकास्थित विमानस्थलमा पत्रकारसँग कुरा गर्ने क्रममा युनुसले शेख हसिनाको सरकारलाई अपदस्थ गर्नका लागि भएको लामो प्रदर्शनमा मारिएका व्यक्तिप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै तिनको बलिदानले देशलाई ‘दोस्रो स्वतन्त्रता’ दिलाएको टिप्पणी गरे । ‘हाम्रा वीरहरूको बलिदानले बंगलादेशले नयाँ विजय दिवस सिर्जना गरेको छ ।

शपथग्रहण समारोहमा हसिनाको १५ वर्षे शासनमा मुख्य प्रतिपक्षी दल रहेको बंगलादेश नेसनल पार्टी(बिएनपी)का शीर्ष नेताहरूको सहभागिता थियो । त्यस्तै बेलायत, जापान, चीन, फिलिपिन्स, इरान, अर्जेन्टिना, कतार, नेदरल्यान्ड्स र युएईका कूटनीतिज्ञको पनि उपस्थिति रहेको ढाका ट्रिब्युनले लेखेको छ ।



## शान्ति बहाली पहिलो प्राथमिकता

‘शान्ति सुरक्षा बहाली हाम्रो पहिलो काम हुनेछ । जबसम्म हामी कानुन र व्यवस्थाको स्थिति ठीक गर्दैनौँ, तबसम्म एक कदम पनि अगाडि बढ्न सक्दैनौँ,’ उनले भने, ‘मेरो सबैसँग आह्वान छ, यदि तपाईंहरूलाई ममाथि भरोसा छ भने यो सुनिश्चित गर्नुस् कि देशको कुनै पनि कुनामा कसैमाथि आक्रमण नहोस् ।’ सेना प्रमुख जनरल वाकर-उज-जमान युनुसको समर्थनमा रहेको जनाएका छन् । युनुस नेतृत्वको सरकारले आगामी दिनमा लोकतान्त्रिक प्रक्रियाको माध्यमबाट मुलुकलाई अगाडि बढाउन सक्षम हुने विश्वास व्यक्त गरे । ढाका विमानस्थलमा पत्रकारहरूसँग युनुसले ‘केही महिनाभित्र’ चुनाव गराउन चाहेको बताएका छन् । साथै उनले छिट्टै आफ्नो संलग्नतामा विजय उत्सव मनाउने पनि बताए । देशले दोस्रोपटक स्वतन्त्रता पाएको छ,’ युनुसले भने । हप्तौँ लामो प्रदर्शनविरुद्ध सरकारले कठोर दमन गर्दा कम्तीमा ४५५ जनाको ज्यान गएको छ । त्यस्तै युनुसले देशमा अब सुव्यवस्था बहाली गर्नुपर्ने बताउदै अल्पसंख्यकसहित एक-अर्काको रक्षा गर्न नागरिकलाई आह्वान गरे ।

## कमजोर शान्ति सुरक्षाका कारण हिन्दू समुदायमाथि आक्रमण बढ्यो

बंगलादेशमा शेख हसिना सत्ताच्युत भएपछि देखिएको कमजोर सुरक्षा स्थितिमा बंगलादेशी हिन्दूमाथिको आक्रमण बढेको छ । यसबाट बच्न सयौँ भारत र बंगलादेशको सीमामा भेला भएको भारतीय सुरक्षा अधिकारीले मिडियालाई जानकारी गराए । हसिनाको निष्कासनपछि मुस्लिमबहुल बंगलादेशका केही भागमा हिन्दूको व्यवसाय र घरहरूमाथि आक्रमण बढेको छ । विशेषतः हिन्दूहरू हसिनाको मूल मतआधार भएको आरोपमा उनीहरू निसाना बनेका छन् ।

‘सयौँ बंगलादेशी नागरिक प्रायः हिन्दूहरू, बंगलादेशसँगको भारतको सिमानामा भेला भएका छन्,’ भारतको सीमा सुरक्षा बल (बिएसएफ) का उप-महानिरीक्षक अमितकुमार त्यागीले बताए । पश्चिम बंगाल राज्यको भारतीय सीमाक्षेत्रको अन्तिम विन्दुमा २०० जना र पश्चिम बंगाल राज्यको जलपाइगुडी जिल्लामा ६०० भन्दा बढी बंगलादेशी नागरिक भेला भएका त्यागीले जानकारी दिए । ‘दुई देशबीचको सीमामा कुनै पर्खाल नभएका कारण बिएसएफका जवानले भिडलाई टाढा राख्न मानव ढाल निर्माण गरेका थिए । अधिकारीहरूले सीमाक्षेत्रबाट भिड पन्छाउन हवाई फायर भएको थियो,’ त्यागीले भने ।

सन् २००९ देखि सत्तामा रहेकी ७६ वर्षीया हसिना एक महिनाभन्दा बढी चलेको आक्रामक विरोध प्रदर्शनपछि सोमबार राजीनामा दिन बाध्य भइन् । त्यसपछि बंगलादेशको सुरक्षा स्थिति सबल नहुँदा हसिनाका पार्टीका समर्थक र हिन्दू समुदायमाथि आक्रमण बढेको छ । ‘बंगलादेश हिन्दू, बौद्ध, क्रिस्चियन, युनिटी काउन्सिल’का अनुसार यो हप्ताको सुरुमा कम्तीमा १० वटा हिन्दू मन्दिरमा आक्रमण भएको छ । ९१ प्रतिशत मुस्लिम रहेको बंगलादेशमा दोस्रो ठूलो धर्मावलम्बी हिन्दूहरू करिब आठ प्रतिशत छन् ।


**सुन्दरहरैंचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचोक, मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

**विज्ञ इन्जिनियर पदको दरखास्त आव्हान सम्बन्धी संसोधित सूचना**

**प्रकाशित मिति : २०८१।०४।२५ गते**

नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना मार्फत् सुन्दरहरैंचा नगरपालिकामा सञ्चालित आयोजना तथा आवश्यकताअनुसार कार्यालयको अन्य कार्यका लागि मिति २०८१।०४।२४ गते प्रकाशित सूचनामा उल्लेखित आवश्यक न्यूनतम योग्यतामा Master Degree in Construction and Engineering Management (CEM) with bachelor's degree in Civil Engineering योग्यता भएको समेतले आवेदन गर्न सक्ने गरी विज्ञ इन्जिनियर पदको संसोधित सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



डि.स.का दर्ता नं-४२१३

**अष्ट मातृका बचत तथा ऋण सहकारी संस्था लि.**
**चन्द्रागिरि नगरपालिका वडा नं ७ बाणस्थली, काठमाडौं**

**ऋण कर्जा चुक्ता गर्ने बारे ३५(पैंतिस) दिने सूचना**

**प्रकाशित मिति : २०८१/०४/२५**

यस संस्थाबाट कर्जा लिई ऋण लिदा गरिदिएको लिखित तथा शर्तनाममा तोकिएको अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतका रकमहरु नबुझाई ऋण लिदा गरेको शर्त कबुलियतको उलंघन गरेको र संस्थाबाट मौखिक एवम लिखित रुपमा पटक/पटक तरताकिता गर्दा समेत सो को वेवास्ता गरी ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । त्यसैले यथाशिघ्र संस्थामा सम्पर्क गरी आफूल उपभोग गरेको ऋण कर्जा सुविधा बापत संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज र हर्जना लगायतका रकम एकमुष्ट चुक्त फछ्यौट गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एवं उल्लेखित ऋण सँग सम्बन्ध सबैलाई यो सूचनाद्धारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो र कथमकदाचित उक्त धितोबाट असुल उपर हुन नसेके जमानत दिने ब्यक्तिको आफ्नै वा एकासंगोलको परिवारको नाउँमा नेपाल अधिराज्यभर भएको अन्य चलअचल सम्पत्ति समेतबाट सहकारी ऐन नियमवाली, नीति तथा प्रचलित कानून वमोजिम लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र धितो/जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाइने व्यहोरा ऋण, धितोवाला, जमानीकर्ता तथा सम्वद्ध सबैलाई यो सूचनाबाट सुचित गरिन्छ ।

**ऋणीको तीन पुस्ते विवरण र फोटो**



**नाम : ज्योतिकला रिजाल (देवकोटा)**
साबिक ठेगाना : नेत्रगंज गा.वि.स वडा नं-५ सर्लाही
हालको ठेगाना : चन्द्रागिरी न.पा.१ दहचोक
ना.प्र.नं : १९२०९७/३४०
बुबाको नाम : शंकर प्रसाद रिजाल
पतिको नाम : रुद्र प्रसाद देवकोटा
सदस्य नं : ४८३

**धितोवाला/जमानीकर्ता तीन पुस्ते विवरण र फोटो**



**नाम : रुद्र प्रसाद देवकोटा**
साबिक ठेगाना : नेत्रगंज गा.वि.स वडा नं २ सर्लाही
हालको ठेगाना : चन्द्रागिरी न.पा.१ दहचोक
ना.प्र.नं : ६६४८०४७९
बुबाको नाम : गंगा प्रसाद देवकोटा
बाजेको नाम : लोक नाथ देवकोटा
सदस्य नं : ६१६



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

**ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना**

**प्रकाशित मिति: २०८१/०४/२५**

यस बैंकको शाखा कार्यालय, गौशाला, महोत्तरी शाखाबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीहरुको नाम र ठेगाना**

१. शिव नारायण सिंह दनुवार को बुहारी, सन्तोष कुमार सिंह दनुवार को पत्नी ,महोत्तरी जिल्ला मे.गोरहन्ना गा.बि.स.वडा नं.९,स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला भंगहा न.पा.वडा नं.७ बस्ने **संगिता कुमारी सिंह दनुवार** (ना.प्र.नं. ३८४९१२२७, जारी मिति २०६१/०८/३०, जिल्ला सर्लाही)
२. हरि नारायण राय को नाती,शिव नारायण सिंह दनुवार को छोरा ,महोत्तरी जिल्ला मे.गोरहन्ना गा.बि.स.वडा नं.९,स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला भंगहा न.पा.वडा नं.७ बस्ने **सन्तोष कुमार सिंह दनुवार** (ना.प्र.नं.३३८१२८९३, जारी मिति २०५८/०२/०९, जिल्ला महोत्तरी)

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८


## Invitation for Bids

Notice No. **2081/82-2**

Date of first publication: **2081/04/25 (9th August, 2024)**

Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Federal Road Supervision & Monitoring Office Kathmandu, **Road Division Chandranigahpur** invites Open Competitive Bidding from all eligible Nepali bidders for construction works under National Competitive Bidding procedure.

| S. N | Contract No. | Name of Project | Estimated Amount (witout VAT & PS) NRs | Non-Refundable Fee for Bidding Document NRs. | Bid Security Amount NRs. | Bid Security Validity Period | Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | RDCNP/33701169/ 2081/82-03 | Construction of Black Top Road Works Along Haripurwa Na.Pa.6 Dekhi Ishwarpur Na.Pa. ward no 15 mirchaiya Bazar Haripurwa sadak | 8521015.79 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 2 | RDCNP/33701169/ 2081/82-04 | Construction of Black Top Road Works Along Sukumariyasthan Janakinagar Madhuwan Goth Bara Udhoran Nepal Bharat Seema Sadak | 8541493.24 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 3 | RDCNP/33701169/ 2081/82-05 | Construction of Rigid Pavement along Basbariya Gaupalika Manpur dekhi Parpurwa Sasastra Camp hudain Bagmati Pul Sadak, Sarlahi | 8545900.63 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 4 | RDCNP/33701169/ 2081/82-06 | Construction of Blacktop works along Barahathawa Nagarpalika Hirapur dekhi Sahidpur hudain Hajariya ra Rajghat seema sammako Sadak, Sarlahi | 8541493.24 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 5 | RDCNP/33701169/ 2081/82-07 | Construction of Rigid Pavement along Hulaki Sadak Achalgadh Mod dekhi Mirzapur Arnaha hudain Balara Bazar Nepal Bharat seema Sadak | 8542144.62 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 6 | RDCNP/33701169/ 2081/82-8 | Road Improvement Works along Chakraghatta ga.pa. ward no 9 khoriya gau dekhi khoriya ko dhengra khola ko baadh samma ko sadak | 8546762.01 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 7 | RDCNP/33701169/ 2081/82-9 | Road Improvement Works along Parsa Ga.pa. 3 Border Dekhi Ward No. 4 Haripurwa Na.Pa 3 Sadak ,Sarlahi | 8503735.32 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 8 | RDCNP/33701169/ 2081/82-10 | Road Improvement Works along Jamuniya Dekhi Purba Sadak Kalopatre (4Km) ,Sarlahi | 8542212.87 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 9 | RDCNP/33701169/ 2081/82-11 | Road Improvement Works along Haripur nagarpalika Ward no 4 sthit Haraiya Chowk dekhi Haripur nagarpalika Ward no3 ra 5 ko simana jodne sadak, Sarlahi | 8545120.52 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 10 | RDCNP/33701169/ 2081/82-12 | Lalbakaiya ko Baudhapathara Bandh dekhi Ajagaibi-kopawa Pipariya Sadak, Ratahat | 8542014.86 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 11 | RDCNP/33701169/ 2081/82-13 | Baudhimai Kopawa-Narkatiya-8 Kharsalawa Bhartiye sima sadak Rautahat | 8540610.99 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 12 | RDCNP/33701169/ 2081/82-14 | Ellaka Prahari Karyalay dekhi Jhaj Nadi samm Gravel Dhalan and Nala Samet | 8526480.47 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 13 | RDCNP/33701169/ 2081/82-15 | Construction of River Training Works Along Brindaban -06, Kamalpati Rupa Ma. Vi.4km Sadak,Rautahat | 8545398.96 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 14 | RDCNP/33701169/ 2081/82-16 | Road Improvement along Ram Babu Sah ko Ghar dekhi Santosh Jaiswal ko Ghar Samm Dhalan, Rautahat | 8544283.45 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 15 | RDCNP/33701169/ 2081/82-17 | Jhanjh Nadi Pul Garuda na. pa. 1 Jayanagar Manpur road construction, Jayanagar Rautahat. | 8532159.67 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 16 | RDCNP/33701169/ 2081/82-18 | Construction of Rcc Road and Plum Work along Sarlahi ko Tribhuwan Bazar Lalbandi Hudae Marinchap Dumja Sinduli Sadak | 8534079.66 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 17 | RDCNP/33701169/ 2081/82-19 | Construction of Black Top Road Works Along Haripurwa Na.Pa.uchha Ma.Bi Dekhi Sichae Sector Samma Sadak Sarlahi | 8539895.47 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 18 | RDCNP/33701169/ 2081/82-20 | Road Improvement along Chandrapur-8 Santpur dekhi Brindaban Wada no. 1 dekhi wada no. 9 Gadhimai Sadak, Rautahat | 8541497.73 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |

1. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Chandranigahpur, Chandranigahpur, Rautahat or PPMO's website: www.bolpatra.gov.np/egp and Bidders shall have the option of submitting their bids electronically only.
2. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp
3. Any amendment in the tender notice shall be posted in the notice board on the Division Roads Office, Chandranigahpur, Rautahat and PPMO's website: www.bolpatra.gov.np/egp.